नेपाल नागरिक उड्डयन प्राधिकरण
सिमरा नागरिक उड्डयन कार्यालय
सिमरा, बारा।

विमानस्थल क्षेत्रभित्र रहेको जग्गा कृषि प्रयोजनको लागि ठेक्कामा दिने बारेको बोलपत्र आह्वानको सूचना।

दोस्रो पटक प्रकाशित मिति २०८३।०७।१२

यस कार्यालयको क्षेत्रभित्र रहेको कार्यालयले नामाकरण गरेको प्लट नं. १ (धावनमार्गको पश्चिम पट्टी) को क्षेत्रफल ०३ विघा -१७ कठ्ठा, प्लट नं. २ VOR/DME रहेको क्षेत्रमा १० विघा र प्लट नं. ३ (डुमरवाना जाने बाटोको उत्तरपट्टी) को क्षेत्रफल ११ विघा को खाली जग्गा कृषि प्रयोजनको लागि २०८३ मंसिर १ गते देखि २०८८ कार्तिक मसान्त सम्म ५ (पाँच) बर्षको लागि तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही ठेक्कामा दिनुपर्ने भएको हुँदा इच्छुक व्यक्ति, फर्म, कम्पनी, सघं–संस्था, नेपाली नागरिकहरुबाट रीतपूर्वक बोलपत्र आह्वान गरिएको छ।

तपसिलः–

१. इच्छुक व्यक्ति, फर्म, कम्पनी, सघं–संस्था, नेपाली नागरिक वा निजको आधिकारिक प्रतिनिधिले बोलपत्र फाराम रु. ३३९०।– (तीन हजार तिन सय नब्बे मात्र) मु.अ.कर सहित फिर्ता नहुने गरी नेपाल नागरिक उड्डयन प्राधिकरणको विशाल बजार स्थित राष्ट्रिय वाणिज्य बैंकको खाता नं. १०९०१०००६४९१७००१ मा जम्मा गरेको बैंक भौचर, सङ्गसंस्था दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र वा नेपाली नागरिकताको प्रमाणपत्र सक्कलै प्रति साथमा ल्याई सोको फोटोकपी सहित निवेदन दिएमा यस कार्यालयबाट मिति २०८३।०७।१२ देखि २०८३।०७।२६ गते सम्म कार्यालय समय भित्र प्राप्त गर्न सकिन्छ। विदाको दिन पनि बोलपत्र फाराम प्राप्त गर्न सकिनेछ।

२. बोलपत्र फाराम मिति २०८३।०७।२७ गते १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ तथा सोही मिति २०८३।०७।२७ गते १२:०० बजे पछि बोलपत्रदाताले बोलपत्र फाराम पेश गरेमा दर्ता गरिनेछैन । पर्न आएका बोलपत्रहरु सोही दिन दिउँसो ०२:०० बजे यस कार्यालयका सरोकारवाला तथा ठेकेदारको रोहवरमा खोलिने छ। तर, ठेकेदार स्वंयले उपस्थित नभएमा ठेकेदारले पठाउने प्रतिनिधीलाई आफ्नो मञ्जुरीनामा सहितको लिखित निवेदन र पठाउने प्रतिनिधीको परिचय खुल्ने पत्र सहित पठाउनु पर्नेछ र निजको अनुपस्थितिमा बोलपत्र खोल्न बाधा पर्ने छैन। सो दिन बिदा परेमा भोलिपल्ट बोलपत्र फाराम बुझाइने र खोलिने छ।

३. बोलपत्र फारामको साथ उक्त प्लटको प्रतिलिपि नक्शा संलग्न हुनेछ। उक्त प्लट नं. १ को न्यूनतम वार्षिक कबोल रकम २,५०,५०४।२/- (दुई लाख पचास हजार पाँच सय चार रुपैंया र बीस पैसा मात्र), प्लट नं. २ को न्यूनतम वार्षिक कबोल रकम ४,६५,४१८।४/- (चार लाख पैंसठ्ठी हजार चार सय अठ्ठार रुपैंया र चालीस पैसा मात्र) र प्लट नं. ३ को न्यूनतम वार्षिक कबोल रकम ५,०६,०००/- (पाँच लाख छ हजार रुपैंया मात्र) हुनेछ।

४. बोलपत्र जमानतबापत बोलपत्रदाताले बार्षिक कबुल गर्ने अंकको ५ प्रतिशतले हुने रकम यस कार्यालयको एभरेष्ट बैंक लि. सिमरा स्थित धरौटी खाता हि.नं. ००७००१०५०००१५२ जम्मा गरेको सक्कलै बैंक भौचर वा सो बमोजिमको नियमानुसारको बैंक जमानत बोलपत्र साथ पेश गर्नु पर्ने छ। यसरी बोलपत्रसाथ पेस गरेको जमानतको अवधि न्यूनतम १८० दिनको हुनुपर्नेछ। धरौटी रकम छुट्टाछुट्टै वा एकमुष्ठरुपमा बुझाउन सकिनेछ।

५. आफूले कबोल गर्ने प्लटको दररेट बार्षिकरुपमा कबोल रकम खुल्ने गरी स्पष्टरुपमा उल्लेख गर्नुपर्नेछ। बोलपत्र कबुल अङ्कमा यति प्रतिशत घटी वा बढी वा अन्य केही कुराको शर्त राखेको वा कैफियत जनाएको बोलपत्र मान्य हुने छैन। रीत नपुगेको, म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

६. बोलपत्र स्वीकृत भएपछि बोलपत्रदाताबाट स्वीकृत कुल ठेक्का अङ्कको २५ प्रतिशत रकमको नेपाल राष्ट्र बैंकबाट (क) वर्गको इजाजत प्राप्त बैंकको कम्तिमा कबुलियत अवधिभन्दा ६ महिना बढी म्याद भएको बैंक जमानत वा कार्यालय धरौटी खाता नं ००७००१०५०००१५२ मा नगदै जम्मा गरेको बैंक भौचर पेश गरी सम्झौता गर्नुपर्नेछ।

७. ठेकेदारले उक्त जग्गामा उखु, मकै जस्ता अग्ला अग्ला बोट, बिरुवा हुने बाली तथा गाँजा जस्ता कानुनद्धारा निषेधित तथा जङ्गली जनावर तथा चराचुरूङ्गी आकर्षित गर्ने खालका बाली लगाउन पाइने छैन।

८. आफुले सकार गरेको जग्गाको तारबारको रेखदेख तथा मर्मत सम्भार ठेकेदारले आफ्नै खर्चबाट गर्नुपर्नेछ। साथै उक्त क्षेत्रभित्र रहेका उपकरणहरुको रेखदेखसमेत ठेकेदारले गर्नुपर्नेछ।

९. अन्य विस्तृत जानकारीको लागि एवं प्लट हेर्न चाहनेले कार्यालय समयभित्र सम्पर्क राख्नुपर्नेछ।

१०. कबुल गर्ने ठेकेदारले हवाई उपकरण, जमिनमुनि रहेका तारहरु आदि, बचाई, हवाई उडान अवतरणमा बाधा नपर्ने गरी फेन्सिङ गरिएका जग्गाहरु अनधिकृत रुपमा गाई, बस्तु, व्यक्तिहरुको प्रवेश नियन्त्रण गरी विमानस्थल सुरक्षा व्यवस्थामा असर पर्ने खालका कुनै गतिविधि गर्न पाईने छैन।

११. नेपाल नागरिक उड्डयन प्राधिकरणको हितलाई ध्यानमा राखी कुनै कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा प्राधिकरणलाई आवश्यक परेमा ठेक्कामा दिइएको जग्गाको बन्दोबस्त रद्द गर्ने अधिकार समेत यस कार्यालयमा निहित रहने छ।

१२. यस सम्बन्धी विस्तृत सूचनाको लागि नेपाल नागरिक उड्डयन प्राधिकरणको **Website: caanepal.gov.np** मा हेर्न सकिनेछ।

१३. यो सूचनामा नपरेका अन्य कुराहरु प्रचलित ऐन नियमानुसार हुनेछ।